बालबालिकालाई निमोनियाबाट जोगाऔं

निमोनियाबाट बालबालिकालाई बचाउन,

- नियमितरूपमा लगाइने खोपहरू लगाऔं ।
- आमाको दूधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
- धूलो, धूवाँ, चीसो तथा प्रदूषणबाट बचाऔं ।
- सरसफाइमा उचित ध्यान दिऔं ।
- सङ्क्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com



❖ वर्ष ३८ ❖ २०८१ कात्तिक ०६ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्छु // 2024 October 22 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६०


## देखिन थाल्यो अवैध नदी उत्खननको परिणाम

जीतलाल श्रेष्ठ, निजगढ, ५ कात्तिक/

गत वर्ष ठेक्का लगाइएको बालगङ्गा खोलामा भएको नदीजन्य पदार्थको अवैध उत्खननको असर अहिले देखा परिरहेको छ।

खोलाको अवैध उत्खननले मुलुकको जीवनरेखाको रूपमा रहेको पूर्व–पश्चिम महेन्द्र राजमार्गको निजगढ–पथलैया सडकखण्डमा रहेको बालगङ्गा पुल सङ्कटमा पर्न थालेको छ। पुलको पूर्वतर्फको भाग बाढीले कटान गर्दै तारजाली बगाएको छ भने पुलको जगमा धक्का दिन थालेको छ । पुलको पिलरनजीक खोलाको सतह ६ फिट गहिरो भइसकेको छ। ठेकेदारले गत वर्ष उत्खनन गरेका स्थानहरूमा १० देखि २२ फिटसम्म खोला गहिरिएको छ। अप्राकृतिकरूपमा खोला गहिरिंदा माथिल्लो सतहमा रहेको चुरे स्खलन हुने, ठूलो क्षेत्रफलमा वन क्षेत्र कटान हुने गरेको छ। बालगङ्गा खोलाले यस वर्ष लगभग आठ हेक्टरभन्दा बढी वन क्षेत्र कटान गरेको अनुमान छ ।




अघिल्ला वर्षहरूमा बालगङ्गा खोलामा अत्यधिक नदीजन्य पदार्थ उत्खनन भएपछि खोला किनारको वन क्षेत्र तीव्र कटानसँगै दर्जनौं रूख ढल्दै, पुल पनि उच्च जोखिममा परेको छ । तस्वीरः जीतलाल श्रेष्ठ

चुरेबाट पर्सा राष्ट्रिय निकुञ्जसँगै वन क्षेत्र भएर बग्ने बालगङ्गा खोलाबाट मापदण्डविपरीत नदीजन्य पदार्थ उत्खननका कारण खोला किनारसँगैको आठ हेक्टरभन्दा बढी जमीन कटान भएको छ भने पाँच दर्जनभन्दा बढी ठाडो हरियो सालका रूखलगायत अन्य प्रजातिका रूखसमेत ढलेका छन् ।

दर्जनौं हरिया ठाडा ढलेका रूखमध्ये B2C1S14684 नम्बर लगाइएका सालका रूखसमेत ढलेको पाइएको छ। नम्बरिङ गरिएका अन्य रूखहरू पनि ढलेको हुन सक्ने देखिन्छ ।

"यस वर्ष पनि बालगङ्गा खोलाको ठेक्का लगाइयो भने खोला सोझै वन क्षेत्रभित्र पस्न सक्ने सम्भावना देखिन्छ"– अध्यक्ष भट्टराई भन्छन् ।

वनजङ्गल नचाहिने, खोला ठेक्का दिएर राजस्व मात्र कमाउने स्थानीय पालिकाहरूले खोला, वन क्षेत्र संरक्षणको कार्य भने गरेको पाइँदैन । स्थानीय पालिकाले ठेक्का लगाएको बालगङ्गा खोलालगायत अन्य खोलाले वन क्षेत्र तीव्र कटान गर्दै बोटबिरुवा विनाश भएको पाइएकोले यसको रोकथामका लागि प्रक्रिया अघि बढाइने डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ राजीवकुमार झा प्रतिक्रिया दिन्छन् ।

"बर्सेनि करोडौंमा खोला ठेक्का लगाउने, खोला जङ्गलतर्फ सोझ्याउने स्थानीय पालिकाहरूको नियत खराब अनि गलत छ"– डिभिजनल वन अधिकृत झा भन्छन् ।

नदी, खोला, वनजङ्गलजस्ता प्राकृतिक स्रोत साधन साझा राष्ट्रिय सम्पत्ति भएकाले स्थानीय पालिकासहित हरेक नागरिकले यसको संरक्षणमा सचेत हुनुपर्ने उनको भनाइ छ ।

चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालले स्थानीय पालिका र ठेकेदार कम्पनीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत सम्बन्धित निकायमा लिखित उजुरी दिए पनि कारबाई नभएको चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालका केन्द्रीय अध्यक्ष सुनील यादवको भनाइ छ ।

गत वर्ष स्थलगत अनुगमन गरी मापदण्डविपरीत उत्खनन भएका खोलाहरूमा जिल्ला समन्वय समिति बाराका प्रमुख नरेन्द्रकुमार साह, प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेसहित जिल्लाका सुरक्षा निकाय तथा वन कार्यालयका प्रमुख एवं प्रतिनिधिसहितको टोलीले तत्कालै उत्खनन बन्द गर्दै ठेकेदार कम्पनीलाई कारबाई र आवश्यक सुझाव दिन जीतपुरसिमरा उपमहानगरपालिका, निजगढ नगरपालिका, कोल्हवी नगरपालिकालाई पत्राचार गरेको थियो ।

अधिकांश स्थानीय पालिकाले ठेक्का लगाएको खोलाको बेलाबेलामा अनुगमन, निरीक्षणसँगै उचित निर्देशन र कारबाई नगर्दा ठेकेदार कम्पनीले मनपर्दो प्राकृतिक स्रोत साधनको चरम उत्खनन गर्ने गरेका छन् । जसको असर वर्षायाममा आउने सानै भेलबाढीले तीव्ररूपमा माटो कटान गर्ने गरेको छ ।

## मितेरी पुलमा ईरिक्शाचालकहरूको रमिता



तस्वीरः प्रतीक

प्रस, परवानीपुर, ५ कात्तिक/

नेपाल–भारतको वीरगंज–रक्सौल जोड्ने मितेरी पुलको उत्तरतर्फ अर्थात् नेपाल क्षेत्रमा ईरिक्शा, टेम्पो, टाँगालगायत सवारीसाधनहरूको रमिता हेर्न लायकको हुन्छ। ग्राहकको प्रतीक्षामा रहने यी सवारीसाधनहरूको अव्यवस्थित भीडले दुवै देशबाट आउजाउ गर्ने सर्वसाधारण, पर्यटकहरूले सास्ती भोग्नुपरेको छ । सो क्षेत्रमा दुर्घटनाको जोखिम पनि बढेको छ ।

यात्री खोसाखोस गर्न ईरिक्शाचालकहरू एकापसमा तँछाडमछाड गर्ने गरेको यात्रीहरूको गुनासो छ। भारतका विभिन्न राज्यबाट रेलवे स्टेशन झरेपछि नेपाल प्रवेश गर्दा पहिलो सवारीसाधन पाउने स्थान भनेकै मितेरी पुलको उत्तरी क्षेत्र हो ।

रेलवे स्टेशनबाट टाँगा, ईरिक्शा, टेम्पोबाट यात्रीहरू मितेरी पुलसम्म आउने गर्छन्। नेपालमा प्रवेश गर्नुपर्दा यात्रीहरूले ईरिक्शाको प्रयोग गर्नुपर्छ। जसमा यात्री खोसाखोस हुने गर्छ। भाडाको दरलाई लिएर समेत ईरिक्शाचालक र यात्रीबीच बार्गेनिङ हुन्छ भने कहिलेकाहीं यात्रीको ब्याग खोसाखोस हुँदा झगडासमेत हुने गरेको देखिन्छ ।

मितेरी पुलको मध्यभागमा समेत नेपाल तथा भारतका सवारीसाधनको भीड लाग्ने गरेको छ ।

भारतको राजधानी दिल्लीसँग काठमाडौंलाई जोड्ने छोटो दूरीको मार्ग वीरगंजमा यस्तो दृश्य देखिएपछि पर्यटन व्यवसाय प्रभावित भएको पर्यटन व्यवसायीहरू बताउँछन् । ईरिक्शा, टेम्पोहरूको अव्यवस्थित जाम र त्यसका चालकहरूको व्यवहारले गर्दा भारतीय तथा अन्तर्राष्ट्रिय पर्यटकहरूमा नेपालको छवि खराब हुने भएकोले यसलाई सुधार्नुपर्ने होटल तथा पर्यटन व्यवसायी सङ्घका अध्यक्ष हरि पन्तले बताए ।

यात्रीको लुँछाचुँडी गर्ने काम बन्द गर्नुपर्छ । ईरिक्शा सहजरूपमा पार्किङ गर्ने व्यवस्था मिलाउनुपर्छ। मितेरी पुल क्षेत्रको सडक खुला र निर्बाध सञ्चालन हुनुपर्ने उनको सुझाव छ ।

यस विषयमा जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रहरी निरीक्षक लोकराज भट्टले त्यस क्षेत्रमा आफूले तत्काल सुधार गर्ने प्रतिवद्धता व्यक्त गरे। उनले इलाका प्रहरी कार्यालय, इनर्वामा दुईजना ट्राफिक प्रहरी मात्र रहेकाले पनि समस्या भएको बताए। उनले सो समस्या समाधान गर्न र नाकालाई व्यवस्थित गर्न पार्न ट्राफिक प्रहरीको सङ्ख्या बढाउन पहल गर्ने बताए ।

## पर्सामा दाउरा र काठको माग उच्च छ त्यही भएर तस्करी हुने गर्छ –डिएफओ अहमद

प्रस, परवानीपुर, ५ कात्तिक/

पर्सा जिल्लामा दाउरा र काठको माग उच्च भएकोले तस्करी न्यूनीकरण गर्न चुनौतीको सामना गर्नुपर्ने डिभिजन वन कार्यालय, पर्साका प्रमुख मन्जुर अहमदले बताएका छन् ।



डिएफओ मन्जुर अहमद । दाउरा लैजाँदै सर्वसाधारण र नियन्त्रणमा लिइएको दाउरा । तस्वीरः प्रतीक

दुई महीना अघि डिभिजन वन कार्यालय, पर्साको प्रमुखको जिम्मेवारी सम्हालेका अहमदले पर्सामा जलावन दाउरा र फर्निचर बनाउन उपयोग हुने काठको माग उच्च भएर यस्तो समस्या आएको बताएका छन् ।

पर्सामा तीन प्रकारका वर्गले दाउरा र काठको गैरकानूनी कारोबार गरी वन मास्ने काम गरिरहेको उनले बताए । पहिलो, जो खाना पकाउनको लागि दैनिक वनजङ्गल जान्छ, साइकल र टाउकोमा थोरै मात्रामा दाउरा बटुलेर ल्याउँछ र उपभोग गर्छ । दोस्रो, जसले बिक्री वितरण गर्ने उद्देश्यले साइकलमा दाउरा राखेर ग्रामीण भेगदेखि शहरी भेगसम्म दाउरा बेचेर जीविकोपार्जन गर्छ। तेस्रो भने पेशेवर तस्कर समूह हो, जसले काठको गोलिया तस्करी गरेर वनविनाशमा लागेको छ । उनले भने, "अधिकांश दाउरा र काठ लिन जाने व्यक्तिलाई वन कार्यालयको नियम कानून थाहा हुँदैन । फसेपछि रुन, कराउन थाल्छन्। काठ तस्करीको घटना र विवरण अनुसार फरकफरक दण्ड सजाय छ । बिगो, जरिवाना र कैदसमेतको व्यवस्था भए तापनि दैनिक पर्सा जिल्लाको वन क्षेत्रमा ५०० भन्दा बढी साइकलको ओहोरदोहोर हुने गरेको अनुगमनबाट देखिएको छ।"

११ हजार ५०० हेक्टर क्षेत्रफल बराबरको वन क्षेत्र रहेको डिभिजन वन कार्यालय, पर्साको सोलखपुर, सबैया, बडनिहार, वसन्तपुर, छतिवन टाँडीलगायत ठाउँमा पाँचवटा सबडिभिजन वन कार्यालयमार्फत दर्जनौं वनरक्षक परिचालन गरिएको र वन तस्करलाई कानूनको दायरामा ल्याउने गरिएको उनले बताए।

पर्सा आएपछि आफूले दुईजना काठ तस्करमाथि मुद्दा दर्ता गरी कारबाई प्रक्रिया अगाडि बढाएको र दर्जनौं साइकल र दाउरा बरामद भएको उनले बताए। डिभिजन वन कार्यालयको मुख्य काम वन जोगाउने भएकोले वनको संरक्षणको लागि आफूले हरेक प्रयास गर्ने उनले बताए ।

## दुई दिनको वर्षाले ठोरीका किसानको काटेको धान खेतमैं डुब्यो

चिरञ्जीवी सापकोटा, ठोरी, ५ असोज/

ठोरी गाउँपालिकाका अधिकांश किसानको पाकेको धान खेतमा डुबेर अलपत्र परेको छ ।




दुई दिनदेखि रातिको समयमा वर्षा हुँदा खेतमा काटेर सुकाइएको धान डुबेर किसानहरूलाई समस्या परेको छ । विशेषगरी ठोरी गापा–१, २ र ३ का किसानहरूले दशैंलगत्तै काटेर सुकाउन खेतमैं छोडेका धान डुबेको हो । ठोरी गापा–३ रामनगरका किसान कृष्णप्रसाद घिमिरेले एक बिघामा लगाएको धान काटेर खेतमैं सुकाएका थिए । केही दिनपछि सुक्छ अनि भित्र्याउने चाँजोपाँजो मिलाइरहेका बेला उनले सोचेभन्दा विपरीत भयो। दुई दिन रातिको समयमा वर्षा हुँदा घिमिरेको धान खेतकै पानीमा डुबेको छ।

ठोरी गापा–२ सुन्दरबस्तीका किसान आत्माराम सापकोटाले पनि आफूहरूले मानो रोपेर मुरी भित्र्याउने सपना देखेकामा अधूरो भयो भन्ने गुनासो गरे। काटेको धान खेतमैं डुब्यो, अब काट्न बाँकी धान पनि बोटमैं बाला झुलेर उम्रने अवस्थामा पुगिसकेको छ र काटिहाले फेरि पानी परेर डुब्ने हो कि भन्ने डर छ, सापकोटाले दुःखेसो पोखे ।

प्रत्येक वर्ष दशैंपछि र तिहार अघि किसानहरूलाई धान भित्र्याउन चटारो पर्छ। अहिले किसानले काटेर सुकाएको धान भिजेर किसानलाई तनाव बढाएको छ भने अब भिजेको धानलाई खेतबाट उठाएर सुक्खा जमीनमा राख्ने काम बढेको छ। यसो गर्दा धान बालामैं उम्रने समस्या आइपर्ने नेपाल किसान महासङ्घका केन्द्रीय सदस्य प्रकाश खनालले बताए ।

किसानहरूले महँगो बीउ किनेर राम्रो धान र धेरै धान फलाउन अत्यधिक परिश्रम गरेका थिए । महँगो ज्याला तिरेर, मल तथा कीटनाशक औषधिलगायतका लागि कतिपय किसानहरूले ऋण लिएर लगाएको धान खेतमा डुबेर उम्रने अवस्था आएको खनालको भनाइ छ ।

**विचारसार र सुक्तिहरू**

**चिन्ता गर्नु राकिङ चेयर (अघिपछि हल्लिने कुर्सी) मा बस्नुजस्तो हो । यसले केही गरिरहेको भान त हुन्छ, तर मानिस कहीं पुग्दैन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# नेकाको जीत

**सहकारी ठगीसँगै सङ्गठित अपराधको मुद्दामा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पक्राउ परेका छन्। पोखराको सूर्यदर्शन सहकारीको बचत गैरकानूनीरूपमा गोर्खा मिडिया नेटवर्क प्रालिमा लगेर मासेको आरोप छ। गोर्खा मिडियाबाट सञ्चालित ग्यालेक्सी टेलिभिजनका सञ्चालक एवं प्रबन्ध निर्देशक लामिछाने थिए। सहकारीको रकम अपचलन गरेको र उक्त अपचलनमा सङ्गठितरूपले रवि पनि लागेको आरोप छ । सोही टेलिभिजनका अन्य सञ्चालकहरूविरुद्ध रास्वपा सत्तामा छँदा अर्थात् लामिछाने गृहमन्त्री रहँदा नै मुद्दा चलेको थियो । त्यति बेला रविलाई पनि छानबीनको दायरामा ल्याउनुपर्ने तत्कालीन प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेसको माग थियो । सोही मागको आधारमा उच्चस्तरीय छानबीन समिति बनेको हो। सत्ता बहिर्गमन लगत्तै रविविरुद्धको मुद्दा प्रक्रियाले तीव्रता पायो । जिल्ला प्रहरी कार्यालय, कास्कीमा सहकारीपीडितले दिएको किटानी जाहेरी र सहकारी ठगीविरुद्ध सरकारद्वारा गठित उच्चस्तरीय छानबीन आयोगले बुझाएको प्रतिवेदन साथै यस क्रममा पक्राउ परेका अभियुक्तहरूको बयानको आधारमा कास्की प्रहरीले रविलाई पक्राउ गर्न अदालतसँग अनुमति मागेको थियो । अदालतको अनुमतिमा उनी पक्राउ परेका हुन् ।**

**रवि पक्राउ आकस्मिक होइन । उनी पक्राउ पर्ने कुरा रास्वपा र स्वयम् रविलाई पहिले नै थाहा थियो । प्रचण्ड नेतृत्वको सरकारमा रविले गृह मन्त्रालय नै रोज्नुको भित्री चाल यो पनि हुन सक्छ। उनी दोषी छन् या छैनन्, अदालतले प्रमाणित गर्ने नै छ । तर अरू कुनै व्यक्ति गृहमन्त्रीको कुर्सीमा पुग्दा आफूलाई सोही बहानामा तनाव दिन्छ भन्ने पूर्वाभास उनलाई थियो । यस अघि नागरिकता प्रकरणमा एउटा कोर्ष पूरा गरिसकेका व्यक्ति, पुनः झमेलामा फस्न नचाहनु स्वाभाविकै हो । रविले गृह पाए मात्रै रास्वपा सरकारमा जान्छु भन्नुको रहस्य के हो ? किन सत्तामा जानुपऱ्यो ? आलोचना गर्नेहरू पनि थिए । केपी ओलीको अग्रसरतामा प्रचण्ड नेतृत्वको पछिल्लो सरकार बन्ने क्रममा नेकाको चाल स्पष्ट थियो, नेकासहितको सरकार बनाउन रवि तयार भए ठीक, नत्र उनलाई सहकारी प्रकरणमा ठीक पार्ने। रविसँग एक दाउ र दुई विकल्प थिए। उनले बलियो शक्ति ओली डिजाइनको गठबन्धनमा दाउ हाने । लगत्तै नेकाको दोस्रो चाल शुरू भयो। सहकारी ठगको उपमा दिंदै गृहमन्त्री बहिष्कार र रोस्टममा निषेध गरे ।**

**छानबीन समिति गठन हुनु नेकाको लागि राजनीतिक जीत हो । तर त्यो जीतलाई दीर्घकालीन राख्न रवि दोषी ठहर हुनैपर्ने थियो । तत्कालीन प्रधानमन्त्री प्रचण्डको सहजीकरण एवं ओली र रविको रोजाइमा छानबीन समितिका संयोजक तथा सदस्यहरू आफ्नै पठाइए । त्यस बेला ओलीले रविको खुलेरै बचाव गरे । अहिले पनि उसले सहकारी प्रकरणमा रविविरुद्ध बोलेका छैनन् । प्रधानमन्त्री पाउने भएपछि ओली देउवासँग जोडिन पुगे, नेकासँग रवि अटाउने कुरा भएन । रविले अर्को दाउ हाने विपक्षी गठबन्धन बलियो बनाउने । मुद्दा अदालतमा पुगेको छ, तर यहाँ हरेक दलको राजनीतिक दाउ र चाल जारी छ। रास्वपाले नेका वा वर्तमान गृहमन्त्रीलाई छाडेर ओलीविरुद्ध केन्द्रित हुनु पनि एउटा चाल नै हो । यतिबेला नेकालाई चिढाउनु घातक छ। अहिलेसम्मको खेलमा नेका अगाडि छ । यही प्रकरणले वर्तमान सरकार विघटन भएपनि फाइदा नेकालाई नै हो ।**

# नोबेल पुरस्कार विजेताहरूको निष्कर्ष र हामी

स्वतन्त्र विचार



विनोद गुप्ता

**प्रजातन्त्रमा पनि विकास, बागमती प्रदेश केन्द्रित भएको र समावेशीकरणको दुरुपयोग हुँदै गएको तथा आम जनता सत्ताबाट टाढिन थालेर अविश्वास गर्न थालेको, रवि लामिछानेको गिरफ्तारी प्रसङ्गमा राजा आऊ देश बचाऊ नारा लागेकोबाट बुझ्न सकिन्छ ।**

अर्थशास्त्रको नोबेल पुरस्कार यस वर्ष म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी अमेरिकाका Daron Ac´oglu र Simon Johnson र शिकागो विश्वविद्यालयका अनुसन्धानकर्मी James A. Robinson लाई प्रदान गरिएको छ। यो पुरस्कार तीनै विद्वान्हरूलाई, किन केही मुलुक धनी छन् र अरू गरीब भनेर गरेको अध्ययनको लागि दिइएको भनेर स्वीडिश रायल एकेडेमीको नोबेल समितिले उल्लेख गरेको छ। उनीहरूको यस अनुसन्धान र अध्ययनबाट कुनै पनि मुलुकको समृद्धिमा सामाजिक संस्थाहरूको भूमिका कति महत्त्वपूर्ण हुन्छ भनेर देखाएको छ। एसोसिएटेड प्रेसलाई दिएको अन्तर्वार्तामा चीनको कुरा गर्दै रबिनसनले यो मुलुकले अहिलेजस्तै दमनकारी (Repressive) राजनैतिक प्रणाली अङ्गीकार गरिराख्ने हो भने रूसजस्तै चीनले पनि अबको ४०-५० वर्षपछि आफ्नो आजको आर्थिक समृद्धि बचाइराख्न सक्नेछैन भनेका छन् तर आज विश्वका अनेक समाज आफूलाई परिवर्तन गरी समावेशी बनाएपछि समृद्धितर्फ अग्रसर छन्। यसको ज्वलन्त उदाहरणको रूपमा अमेरिका, जहाँ दासप्रथा थियो र अमेरिकी महिलाहरूलाई आर्थिक गतिविधि एवं मतदानबाट अलग राखिएको थियो, आज सर्वाधिक समृद्ध राष्ट्र बन्न पुगेको छ भने दक्षिण कोरिया, ताइवान र मरिसस पनि यसको उदाहरण बन्न पुगेका छन्।

Daron Ac´oglu ले सन् २०१२ मा Why Nation Fail: The Origin of power, Prosperity and Poverty नामक पुस्तक प्रकाशित गरेका थिए जसको निचोड के थियो भने गरीबी मानव सृजित समस्या हो र यसको पुष्टि गर्न उनीहरूले समान भूगोल, वातावरण र संस्कृति भएको अमेरिका र मेक्सिकोको नोगेल्स, एरिजोनाको उत्तरी भागका निवासीहरू सुखी, समृद्ध र शिक्षित रहेको तर दक्षिणतर्फ गरीबी र यस कारण उत्पन्न भ्रष्टाचार र सङ्गठित अपराधको केन्द्र बन्दै गएको उल्लेख गरेका छन्। किन यस्तो भयो भन्दा उत्तरतर्फको अमेरिकी प्रणालीले सम्पत्तिको सुरक्षाको प्रत्याभूति दिनुका साथै नागरिकको चासो सुन्ने र सम्बोधन गर्ने गरेको छ भने मेक्सिकोतर्फको भागमा यसको सर्वथा अभाव छ। तर कुरा यत्तिमैं सकिंदैन। उनीहरूको विचारमा अब भने अमेरिका, ग्रीस, फ्रान्स र बेलायतमा समेत प्रजातान्त्रिक संस्थाहरूको मान्यतामा ठूलो ह्रास आउँदै गएको छ र त्यस कारणले यी देशका सरकारहरूले क्रमशः जनताको साथ गुमाउँदै गएका छन्। किनभने आम जनतामा प्रजातन्त्रले वाचा गरे अनुसार जनचाहना पूरा गर्न नसकेको मानिएको छ। विश्वभरि र खासगरी मध्यम आय वर्गमा रहेका मानिसहरू विश्वव्यापीकरण, स्वचालन (अटोमेशन) तथा घट्दै गएको ट्रेड युनियनको भूमिका तथा कर्पोरेट दर्शनमा आएको सोचको परिवर्तनका कारण हिजोसम्म संसाधनबाट सम्पत्ति (Asset) बन्न पुगेको यो वर्ग अब लागत घटाउने अवयव (Factor) बन्न पुगेको छ, जसका कारण यो वर्ग सङ्कुचित भएको छ। यस कारण हिजोसम्म समृद्ध मानिएको हामी अब यसमा असफल भएका छौं।

यो त थियो नोबेल पुरस्कार विजेताहरूको कुरा-अब उनका अध्ययनका निचोडलाई नेपालको सम्बन्धमा मूल्याङ्कन गरी हेरौं। नेपाल अङ्ग्रेजहरूसँगको लडाइँमा पराजित भयो। सुगौली सन्धि हुँदाको बखत सरकार चुरियाभन्दा उत्तरतर्फको भेगलाई सम्झौता गर्न तयार रहेको तर तराईका छ-सातजना जमिनदारहरूले आफूहरू म्लेच्छ (गाईखाने)सँग नबस्ने अडान लिएपछि समथर भूभाग समाावेश गरी वर्तमान नक्शा बनाइएको कुरा पूर्वमा हृदयेश त्रिपाठीको एउटा टेलिभिजन अन्तर्वार्तामा प्रत्यक्ष सुनेको छु। यो सन्दर्भ यहाँ किन उद्धृत गर्न खोजें भने अर्थशास्त्रका नोबेल पुरस्कार विजेताहरूले र खासगरी बेलायत र स्पेनले सन् १६०० ताका उपनिवेश बनाउँदा प्रयाोग गरेको नीतिको समेत अध्ययन गरेका छन्, जस अनुसार न्यून जनसङ्ख्या र जनघनत्व भएको क्षेत्रमा स्थानीय निवासीबाट न्यून अवरोध सामना गर्नुपरेकोले यस्ता ठाउँमा शासकहरूले त्यहाँका जनतालाई लाभ पुग्ने गरी समावेशी आंशिक संरचनाहरू खडा गरेको पाइन्छ भने घना वा बढी जनघनत्व भएको राष्ट्रहरूमा जहाँ अवरोध बढी भयो वा हुने सम्भावना थियो त्यहाँ स्थानीय सुकिला वर्ग फाइदा पुग्नेगरी संरचनाहरू बनाई शासन चलाएको निष्कर्ष निकालेका छन्। यो कुरा राणा शासकहरूले नबुझेको भए पनि तराईभरि आफ्ना भाइ भाारदारहरूलाई बिर्ता दिई र पछि राजा महेन्द्रले पुनर्वासको नाममा तराईमा बसाइँसराई गराएर यही नीति प्रयोग गरेको देखिन्छ।

नेपालमा २०४६ सालमा प्रजातन्त्रको स्थापनापश्चात् नेपालका जनताले पनि यस्तै सपना देखेको थियो तर दोस्रोपटक प्रजातन्त्र स्थापनाको ३५ वर्षपछि पनि आफ्नो देशको आर्थिक अवस्थाको मूल्याङ्कन नोबेल लेखहरूको अध्ययन एवं निष्कर्षको पृष्ठिभूमिमा हामी असफल भइरहेका छौं कि छैनौं भन्ने प्रश्न खडा हुन आउँछ। प्रजातन्त्रको पुनर्बहालीपछि व्यापार र सेवा क्षेत्र राम्रै फस्टाए पनि उद्योगहरू धराशायी भएको फलस्वरूप आज कुल गार्हस्थ्य उत्पादनमा यिनको योगदान ९.४६ प्रतिशतबाट घटेर एक दशकमा ४ प्रतिशतमा झरेको छ। व्यापार र सेवा क्षेत्र विस्तार हुनु नराम्रो होइन, तर यो विस्तारले नयाँ उद्यमी भने ल्याएन । नयाँ उद्यमी एक प्रतिशतमात्र बढेका छन् भने होटल, कलेज, हस्पिटल, बैंक र इन्स्योरेन्सजस्ता सबै संस्थाहरू पुरानै घरानाबाट सञ्चालित भइरहेकाले करीब ६० प्रतिशत नेपालीको सम्पत्ति बराबरको धन सय परिवारको कब्जामा छ। सरकारीतन्त्रको कुरा गर्ने हो भने वास्तविक पूँजीगत शीर्षकको खर्च ५० प्रतिशत काट्न सकेको छैन, जसले गर्दा हाम्रो औसत वृद्धिदर ४.५ प्रतिशत मात्रै छ। उद्योगहरूको क्षमता उपयोग ४० प्रतिशत पनि काट्न नसकेको अवस्थामा श्रमिकहरू कटौतीको शिकार भएका छन् भने परियोजनाहरू समयमा शुरू र पूरा हुन नसकेर पनि बजारमा उपलब्ध श्रमशक्तिको पूरा उपयोग हुन सकिरहेको छैन, जसका कारण मान्छेहरू बाध्य भएर विदेश पलायन हुँदैछन्। यसबाट हुन त देशलाई विप्रेषण आय प्राप्त भइरहेको छ तर खर्च कटाएर यसबाट भइरहेको बचत एक प्रतिशतभन्दा माथि जान सकेको छैन। विगत ३५ वर्षको उपलब्धि हेर्दा कर्णाली प्रदेशमा ५१.३ प्रतिशत घरधुरी निरपेक्ष गरीबीको रेखामुनि र चार प्रतिशत सम्पन्न वर्ग, सुदूरपश्चिममा ३३.९ प्रतिशत गरीबी र ८ प्रतिशत सम्पन्न, बागमती प्रदेशमा ३९ प्रतिशत सम्पन्न वर्ग छ भने १० प्रतिशत निरपेक्ष र मधेस प्रदेशमा २४ प्रतिशत निरपेक्ष गरीबीको रेखामुनि भएकोमा ८.७८ प्रतिशत मात्रै सम्पन्न वर्गमा छ। त्यस्तै लुम्बिनी र गण्डकीमा १२ र १७ प्रतिशत निरपेक्ष गरीबीमा र २६ र १६ प्रतिशत सम्पन्न वर्गमा परेको छ। कोशीमा भने २० प्रतिशत निरपेक्ष र १७ प्रतिशत सम्पन्न वर्गमा रहेको तथ्याङ्कबाट नै देखिन्छ। त्यस्तै बैंकको लगानीको कुरा गर्दा उत्पादनशील क्षेत्रमा ८.७७ प्रतिशत र कृषितर्फ १ प्रतिशतभन्दा बढी भएको पाइँदैन। आयातमा तयारी र अर्धतयारी एवं कच्चा पदार्थको आयात नै करीब ८५ प्रतिशत र पूँजीगत वस्तुको आयात ६ प्रतिशतमा मात्र सीमित हुनुले देशको अर्थनीति कतातर्फ गइरहेको छ भन्ने आभास मिल्छ। यही सब कारणले गर्दा हाम्रा शासकवर्गले अहिले पनि नोबेल पुरस्कार विजेताहरूले औंल्याएको समस्या र हाम्रो समस्या ठ्याक्कै मेल खाने भएकोले सचेत भई आउँदा दिनमा नीति निर्माणमा लाग्नु नै श्रेयस्कर हुने सल्लाह दिन सकिन्छ। प्रजातन्त्रमा पनि विकास, बागमती प्रदेश केन्द्रित भएको र समावेशीकरणको दुरुपयोग हुँदै गएको तथा आम जनता सत्ताबाट टाढिन थालेर अविश्वास गर्न थालेको, रवि लामिछानेको गिरफ्तारी प्रसङ्गमा राजा आऊ देश बचाऊ नारा लागेकोबाट बुझ्न सकिन्छ।

# वर्तमान सरकारप्रति जनविश्वास छैन -अध्यक्ष प्रचण्ड

जुम्ला, ५ कात्तिक/रासस

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले केपी शर्मा ओली नेतृत्वको सरकारप्रति जनविश्वास नरहेको बताएका छन्।

नेकपा (माओवादी केन्द्र) जिल्ला समन्वय समितिद्वारा सोमवार आयोजित जनसभामा उनले वर्तमान सरकारले भ्रष्टाचारीको संरक्षण गरेको आरोप लगाए।

प्रेस सेन्टरले कनकासुन्दरीमा गरेको पत्रकार भेटघाटमा उनले भने, "मैले उतिबेला नै भनेको थिएँ, यो सरकार भ्रष्टाचारलाई प्रोत्साहन गर्न बनेको हो। सरकार गठनको तीन महीना पुग्दैछ। तपाईंहरूले सबै देखिरहनुभएको छ।" उनले आफ्नो नेतृत्वको सरकारले राज्यको जमीन जबरजस्ती व्यक्तिका नाममा दर्ता गर्नेलाई गिरफ्तार गरेको उल्लेख गरे। प्रधानमन्त्रीले नै अदालतमा मुद्दा चलिरहेको व्यवसायीबाट जग्गा दान लिएर भ्रष्टाचारीको संरक्षण गरेको उनको आरोप थियो।

उनले सरकार गठन भएको सय दिन पूरा भएपछि विरोधका कार्यक्रम शुरू गर्ने जानकारी दिए। उनले भने, "सरकारले जतिसुकै नराम्रो काम गरे पनि हामीले हनिमून पिरियड मानिने सय दिनसम्म प्रतिनिधिसभाबाट खबरदारी वक्तव्य दिनेबाहेक अन्य विरोधका कार्यक्रम गरेका छैनौं। आज मात्रै हामी विपक्ष दलहरूका तर्फबाट सरकारलाई ज्ञापनपत्र दिंदैछौं र सय दिन पुगेपछि विरोधका कार्यक्रम शुरू हुन्छन्।"

अध्यक्ष प्रचण्डले आफ्नो नेतृत्वको सरकारले देशभित्र भ्रष्टाचारका विरुद्ध,



सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिका पक्षमा तथा अन्तर्राष्ट्रियरूपमा नेपालमा प्रतिष्ठा अभिवृद्धि गर्न पहलकदमी लिइरहेको बेला संसद्को पहिलो र दोस्रो दलले आफूलाई हटाएको बताए।

उनले आफूले सरकारको नेतृत्व गरेको बेला दुई छिमेकी देशको भ्रमणमा ऐतिहासिक समझदारीहरू भएको उल्लेख गरे। "संयुक्त राष्ट्रसङ्घको महासभा, विश्व खाद्य सम्मेलन, कोप-२८ सम्ममा लिएको हस्तक्षेपपूर्ण पहलकदमीले विश्वको ध्यान आकर्षित भएको थियो। महासभाका क्रममा संयुक्त राष्ट्रसङ्घका महासचिवलाई निम्तो दिएर विभिन्न युद्धको जटिल अवस्थामा महासचिव नेपाल आउनु महत्त्वपूर्ण उपलब्धि हो," उनले भने, "गौतम बुद्धको जन्मस्थल लुम्बिनीबाट उहाँ र मैले विश्व शान्तिका लागि अपील गरेका थियौं। यी सबै पहलकदमीले विश्वको ध्यान नेपालमा तानिएको थियो र नेपालको पक्षमा अन्तर्राष्ट्रिय जनमत राम्रो बनेको थियो।"

अध्यक्ष प्रचण्डले सिंजा सभ्यता र प्रतिष्ठानका लागि चाँडै ऐन बन्ने बताए। उनले आफू पछिल्लोपटक प्रधानमन्त्री भएको बेलामा सिंजा सभ्यता र प्रतिष्ठानसम्बन्धी विधेयक अघि बढाएको उल्लेख गर्दै यसलाई चाँडै मन्त्रिपरिषद्बाट पारित गरी संसद्बाट ऐन बनाउने प्रक्रिया थालनी गर्नुपर्ने बताए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# कार्यसम्पादन कमजोर भएका संस्थानको निजीकरण वर्गीकरणका लागि सिफारिश गर्ने निर्णय

काठमाडौं, ५ कात्तिक/रासस
निजीकरण समितिले बन्द, रुग्ण र कार्यसम्पादन कमजोर भएका केही संस्थानहरूको निजीकरण वर्गीकरणका निम्ति मन्त्रिपरिषद्मा प्रस्ताव सिफारिश गर्ने निर्णय गरेको छ।


तस्वीरः रासस

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलको अध्यक्षतामा समितिको सोमवार बसेको बैठकले जनकपुर चुरोट कारखाना, नेपाल मेटल कम्पनी, हेटौंडा कपडा उद्योगको वर्गीकरणका लागि प्रस्ताव सिफारिश गर्ने निर्णय गरेको हो। यस्तै, विराटनगर जुट मिल, बुटवल धागो कारखाना, गोरखकाली रबर उद्योग, उदयपुर र हेटौंडा सिमेन्ट कारखानाको पनि वर्गीकरणका लागि प्रस्ताव सिफारिश गर्ने निर्णय भएको छ।

मन्त्रिपरिषद्बाट वर्गीकरण भएपछि सम्पत्ति तथा दायित्व मूल्याङ्कनका लागि विशेषज्ञसहितको अध्ययन समिति गठन गरिनेछ। सम्पत्ति र दायित्व मूल्याङ्कन भएपछि विज्ञसहितको सुझावका आधारमा निजीकरणको ढाँचा र प्रक्रिया पहिचान गरी नेपाल सरकारसमक्ष सिफारिश गरिनेछ।

समितिको बैठकमा दिइएको जानकारी अनुसार जनकपुर चुरोट कारखाना, नेपाल मेटल कम्पनी, हेटौंडा कपडा उद्योग, विराटनगर जुट मिल, बुटवल धागो कारखाना र गोरखकाली रबर उद्योग विगत लामो समयदेखि बन्द र रुग्ण छन्। यसैगरी, उदयपुर र हेटौंडा सिमेन्ट कारखानाको कार्यसम्पादन स्तर कमजोर हुनुका साथै निरन्तर घाटामा रहेका छन्।

बैठकमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, सङ्घीय संसद् अर्थसमितिका सभापति सन्तोष चालिसे, प्रतिनिधिसभा सदस्य तथा निजीकरण समितिका सदस्य राजन केसी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी, नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकाललगायत सहभागी थिए।

# 'विकासका योजना तर्जुमा अव्यवस्थित'

काठमाडौं, ५ कात्तिक/रासस
भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले पूर्वाधार विकाससम्बन्धी योजना तर्जुमा नै अव्यवस्थित रहेको समस्या देखिएको छ।"

मन्त्री दाहालले योजना तर्जुमा गर्दा बाढीपहिरो जस्ता प्राकृतिक विपद्लाई ख्याल गर्दै जलवायुमैत्री पूर्वाधार अनुसारको बजेट अभावलगायतका समस्या रहेको उनको भनाइ छ। मन्त्री दाहालले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले लक्ष्य अनुसार प्रगति



बताएका छन्।

सोमवार राष्ट्रियसभा अन्तर्गत विकास आर्थिक मामिला तथा सुशासन समितिले आयोजना गरेको नेपालमा दिगो एवं विपद् संवेदनशील पूर्वाधार विकासबारे छलफलमा बोल्दै उनले योजना अनुसार वित्तीय स्रोत नहुँदा योजना तर्जुमा अव्यवस्थित भएको बताएका हुन्।

"योजना बन्छ तर कार्यान्वयनका लागि प्राप्त बजेट नै हुँदैन," उनले भने, "हाम्रो क्षमता अनुसार योजना बन्ने गरेको छैन, तसर्थ योजना बने पनि कार्यान्वयनमा विकासका गतिविधि अगाडि बढाउनुपर्नेमा जोड दिए। "पूर्वाधार निर्माणका क्रममा अध्ययन र डिजाइनमा चुनौती छ। अब विपद्लाई पूर्वानुमान गर्दै पूर्वाधार निर्माण हुन नसके विपद्बाट अझै क्षति बेहोर्नुपर्नेछ," उनले भने, "दिगो विकासका लक्ष्य कार्यान्वयन गर्न अन्तरसरकारी निकायबीच समन्वय जरुरी छ।"

पूर्वाधार विकासका गतिविधि अगाडि बढाउँदा मुआवजा वितरण, वनको जग्गाप्राप्ति, आवश्यकता गरिरहेको जानकारी दिए।

समितिकी सभापति कमला पन्तले विपद्मैत्री पूर्वाधार निर्माण नीति कार्यान्वयन गरी दिगो विकासको लक्ष्य प्राप्त गर्न सरोकारवालाहरूलाई सुझाव दिइन्। शहरी विकास मन्त्रालयका सचिव मणिराम गेलालले आन्तरिक बसाइँसराइका कारण शहरी विकासमा समस्या थपिएको बताए। निर्माण व्यवसायीले समयमा भुक्तानी पाउन नसक्दा पूर्वाधार निर्माणमा ढिलाइ हुने चुनौती रहेको उनको भनाइ छ।

# तीन महीनामा पाँच करोडको नून बिक्री

जनकपुरधाम, ५ कात्तिक/रासस
साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड, जनकपुरधामले चालू आर्थिक वर्षको तीन महीनामा रु पाँच करोड २३ लाख बराबरको आयोडिनयुक्त नून बिक्री वितरण गरेको छ।


कार्यालयले चालू आर्थिक वर्ष २०८१/८२ को साउनदेखि असोज महीनासम्म आफ्नो डिलरमार्फत ४५ हजार ३७० बोरा नून बिक्री गरेको कार्यालय प्रमुख शुभनारायण साहले जानकारी दिए। धनुषा, महोत्तरी तथा सिन्धुली कार्यक्षेत्र रहेको सो कार्यालयले तीनवटै जिल्लामा २५ डिलरमार्फत आयोडिनयुक्त नून बिक्री वितरण गर्दै आएको छ।

चालू आर्थिक वर्षमा प्रतिबोरा आयोडिनयुक्त नून रु एक हजार १५० का दरले डिलरमार्फत बिक्री भइरहेको प्रमुख साहले बताए। कार्यालयले दशैं, तिहार तथा छठ पर्वलाई लक्षित गरी सुपथ मूल्यका पसलसमेत सञ्चालन गरी नून बिक्री गरिरहेको छ।

गत असोज ७ देखि यही कात्तिक २९ गतेसम्मका लागि सञ्चालन गरिने ती पसलबाट असोज ३० गतेसम्ममा चार हजार छ सय प्याकेट नून बिक्री गरेको प्रमुख साहले बताए। सहुलियत दरको पसलबाट प्रतिप्याकेट रु २४ तथा सोझै डिलरमार्फत रु २६ मा बिक्री वितरण भइरहेको छ। आर्थिक वर्ष २०८०/८१ मा कार्यालयले रु १८ करोड ६२ लाख ८१ हजार मूल्य बराबरको आयोडिनयुक्त नून बिक्री गरेको थियो।



**छठको तयारीः** महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका–८ बजराही गाउँमा छठ पर्वको लागि पोखरीको बीचमा बाँसको सहायताले सूर्य भगवान्को मन्दिर र बाँसकै बाटो निर्माण गर्दै मजदूर। तस्बिरः सञ्जीतकुमार मण्डल/रासस



**स्याङ गाउँ र नीलगिरी हिमालः** मुस्ताङको घरपझोङ गाउँपालिका–३ स्याङ गाउँ र पृष्ठभूमिमा नीलगिरी हिमाल। प्राकृतिक सौन्दर्यताले भरिपूर्ण स्याङ गाउँको आफ्नै मौलिक परम्परा, धार्मिक, सांस्कृतिक र ऐतिहासिक विशेषताका कारण पर्यटक आकर्षित हुने गरेका छन्। तस्बिरः सुशील थकाली/रासस

# धानखेतीको विकल्पमा सिंघाराखेती

जलेश्वर, ५ कात्तिक/रासस
बर्सेनि धानखेती डुबानमा परेर हैरानी भोगेका जलेश्वरसहित वरपरका सयौं किसान वैकल्पिकरूपमा सिंघाराखेतीतर्फ आकर्षित हुँदै गएका छन्। प्रत्येक वर्ष रोपेको धानबाली डुबेर आर्थिक क्षति भइरहेकाले थोरै लगानी र कम मेहनतमा मनग्य आम्दानी हुने भएकाले किसानहरू सिंघाराखेतीतर्फ आकर्षित हुँदै गएका हुन्।

धानखेती डुबानमा परेर समस्या हुने र सिंघाराखेतीमा कम मेहनत गरेर राम्रो आम्दानी हुने भएकाले यहाँका सयौं बिघामा पानी जमेको जग्गामा अहिले सिंघारा (फल) खेती गरिएको जलेश्वर नगरपालिका–१ का किसान भोगिन्द्र पासवानले बताए। उनका अनुसार जमेको पानीमुनि लहरामा फल्ने सिंघारा एक प्रकारको गुलियो र सुन्दर फल हो। जुन स्वास्थ्यका लागि शीतल र पौष्टिक भएकाले स्थानीयस्तरमा निकै लोकप्रिय छ। यस वर्ष भारी वर्षाका कारण जताततै पानी जमेको हुनाले जलेश्वर नगरपालिका र वरिपरिका गहिरो खेत, तलाउ र पोखरीमा ठूलो मात्रामा (काँडेदार गुलाफी रङ्का सुन्दर र मीठो फल) सिंघाराखेती गरिएको छ।

जलेश्वर–६ का किसान गोपी मुखियाले डुबानबाट आजित भएपछि पानी जम्ने क्षेत्रका धेरैजसो किसान यस खेतीतर्फ आकर्षित भएको बताए।


तस्बीरः फाइल

यस वर्ष वर्षौंदेखि बाँझो रहेको जलाशयमा पनि १५० बढी घरपरिवारले सिंघाराखेती गरेका जलेश्वर–२ का किसान भोला मुखियाले जानकारी दिए।

सिंघारा प्रत्येक वर्ष असोज महीनादेखि नै तयारी हुन्छन् भने स्थानीय बजारमा आकार हेरेर प्रतिकिलो रु १०० देखि १६० सम्म बिक्री हुने गरेको र यसबाट आफूहरूले प्रत्येक वर्ष राम्रो आम्दानी गरिरहेका जलेश्वर–३ का किसान रामु सहनीले बताए।

मिथिलाञ्चलभरि पूजाआजामा प्रसादका रूपमा प्रयोग हुने सिंघारा बालबालिका, बूढापाका र पेटका रोगीले बढी मन पराउने गरेका जलेश्वर–८ का किसान कलमुद्दीन राइनको भनाइ छ।

सिंघारा खेतीमा लागेका किसान स्थानीय बजारदेखि सीमापारिका भारतीय बजारमा लगेर पनि सिंघारा बेचेर प्रतिकिसान रु दुईदेखि तीन लाखसम्म आम्दानी गर्ने गरेको स्थानीय महादेव मुखियाले बताए।

जलेश्वर उद्योग वाणिज्य सङ्घका महासचिव शिवचन्द्र चौधरीले सिंघाराखेतीलाई प्रवर्द्धन गर्नुपर्ने र मौसमी उद्योगको रूपमा विकास गर्नुपर्ने बताए। उनले यस फलको खेती गर्ने किसानका लागि उद्योग वाणिज्य सङ्घले आगामी दिनमा विशेष प्याकेजसहितको कार्यक्रम ल्याउनेसमेत बताए।

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट

काठमाडौं, ५ कात्तिक/रासस
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमवार झन्डै ५८ अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ५७ दशमलव ९९ अङ्कले ओरालो लागेर दुई हजार ६३९ दशमलव ९२ अङ्कमा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ११ दशमलव १४ अङ्कले ओरालो लागेर ४७६ दशमलव २४ मा सीमित भएको छ। कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ।

नेप्सेका अनुसार कुल एक करोड ३८ लाख ६३ हजार ४४३ कित्ता शेयर रु पाँच अर्ब ९० करोड सात लाख ९१ हजार ४४ मा कारोबार भएका छन्।

विन नेपाल लघुवित्त नौ दशमलव ९८, कर्पोरेट डेभलपमेन्ट बैंक नौ दशमलव ८२, कालिका लघुवित्त पाँच दशमलव ५२, पिपल्स पावर चार दशमलव ८४ र मानुषी लघुवित्तका लगानीकर्ताले तीन दशमलव ९९ प्रतिशतले कमाएका छन्।

यस्तै, न्यादी ग्रुप अफ पावर नौ दशमलव २०, गुडविल फाइनान्स पाँच दशमलव ६५, छ्याङ्दी हाइड्रोपावर चार दशमलव ७९, इस्टर्न हाइड्रोपावर चार दशमलव ७५ र गुर्खाज फाइनान्सका लगानीकर्ताले चार दशमलव ६७ प्रतिशतले गुमाएका छन्।

# हनुमाननगरमा २७ वर्षदेखि खानेपानी योजना अधूरै

राजविराज (सप्तरी), ५ कात्तिक/रासस
२७ वर्षदेखि खानेपानी निर्माणको योजना अधूरै रहँदा यहाँका नागरिक शुद्ध खानेपानीबाट वञ्चित भएका छन्। सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका–७ स्थित हनुमाननगर बजारमा २७ वर्षअगाडि नै निर्माण शुरू गएको खानेपानी आयोजना अहिलेसम्म पनि पूरा हुन सकेको छैन।

स्थानीय स्वास्थ्य चौकी परिसरमा २०५४ सालमा निर्माण थालिएको खानेपानी योजना हालसम्म पिउने पानी योग्य बन्न नसकेको स्थानीयले बताएका छन्। तत्कालीन हनुमाननगर गाउँ विकास समितिको पहलमा आयोजना शुरू गरिएको थियो।

हनुमाननगर कङ्कालिनी नगरपालिका–७ का अमन यादवले खानेपानी आयोजना पूरा नहुँदा करीब १० हजारभन्दा बढी जनता प्रभावित भएको बताए। हनुमाननगर कङ्कालिनी नगरपालिकाले पनि यसप्रति कहिले पनि चासो नदिएको नेपाली काङ्ग्रेसका प्रदेश सचिवसमेत रहेका बेचन खड्काले बताए।

स्थानीय राजेन्द्र मिश्रले खानेपानी टङ्की निर्माण ७५ प्रतिशत पूरा भएपनि राजनीतिक खिंचातानीले काम पूरा हुन नसकेको बताए। "पानी टङ्की निर्माण गरी पाइपलाइन बिछ्याउने काम अधूरै छ, नगरवासी ट्युवेलको आइरनयुक्त पानी खान बाध्य छन्," उनले भने। आयोजना रु तीन करोडको लागतमा निर्माण शुरू भएको थियो।

आयोजनाको काम अधूरै भएपछि दोस्रोपटक २०७४ सालमा बोलपत्र आह्वान गरिएको थियो। तत्कालीन समयमा शान्ति निर्माण सेवा फर्सेठले निर्माणको जिम्मा पाएको थियो। फर्सेठका सञ्चालक नारायण यादवले आफूहरूले रु १३ लाख भुक्तानी नपाएपछि काम रोकिएको बताए।

कोशीको तटीय क्षेत्रमा पर्ने हनुमाननगर कालिनी नगरपालिकामा १४ वटा वडा छन्। नगरपालिका उत्तरमा पूर्व–पश्चिम राजमार्गसँग जोडिएको छ भने दक्षिणतर्फ भारतीय सिमानासम्म फैलिएको छ।

## हेटौंडा–कुलेखानी–सिस्नेरी–काठमाडौं सडक खुल्यो

बागमती, ५ कात्तिक/रासस
हेटौंडा–काठमाडौं जोड्ने हेटौंडा–कुलेखानी–फाखेल–सिस्नेरी–काठमाडौं सडकमा दुईतर्फी यातायात सञ्चालनमा आएको छ। मकवानपुरको इन्द्रसरोवर गाउँपालिका–२ सिमखोलास्थित सडकमा ह्युमपाइप राखेर मरम्मतसम्भार भएपछि सो सडक दुईतर्फी सञ्चालनमा आएको मकवानपुर जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रनाउ श्यामु अर्यालले जानकारी दिएका छन्।

गत असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षासँगै आएको बाढी र पहिराले सडक क्षतिग्रस्त भएको थियो। तत्काल मरम्मतसम्भार गरेर असोज २० गतेदेखि यातायात सञ्चालन भएपनि सडकमा ह्युमपाइप राख्नुपर्ने जनाउँदै यही कात्तिक २ गतेदेखि एकतर्फी मात्र बाटो खुलेको थियो। सडकको मरम्मत सम्पन्न भएपछि दुईतर्फी बाटो सञ्चालनमा आएको प्रहरी नायब उपरीक्षक अर्यालले बताए।



**घोडी किनमेल:** सिराहाको लहानस्थित सडकपेटीमा किसानले बेच्नको लागि राखेको घोडी । तराईमा थारू समुदायको सांस्कृतिक खानपानमा घोडी प्रमुख खानामध्येमा पर्छ । तस्बिरः सुदीप राउत/रासस


Samriddhi Finance
Partnership for Prosperity

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड

मुख्य कार्यालय, हेटौंडा, मकवानपुर

## धितोमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८१/०७/०६

यस वित्तीय संस्थाबाट तपसिल बमोजिमको धितो राखी कर्जा लिने तपसिल बमोजिमका ऋणीले यस वित्तीय संस्थालाई समयसमयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याजलगायतका वित्तीय संस्थाको लेना रकम नबुझाइ कर्जासम्बन्धी शर्त बन्देजहरू उल्लङ्घन गर्नुभएको र पटकपटक मौखिक, लिखित, फोन तथा एसएमएसमार्फत तरताकेता गर्दासमेत कर्जाको साँवा, ब्याजलगायतका रकम चुक्ता भुक्तानी नगर्नुभएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउनेबारे सार्वजनिक सूचना प्रकाशित गरिए तापनि कर्जा चुक्ता नभएकोले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लिखित चल–अचल सम्पत्ति लिलामीको लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लिखित सम्पत्तिहरू जेजस्तो अवस्थामा छन्, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिएको लिखत, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ को दफा ५७, नेपाल राष्ट्र बैंकको कालोसूचीसम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असुली तथा गैरबैंकिङ सम्पत्ति बिक्रीसम्बन्धी कार्यविधि बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असुल गर्न बाँकी रहेको लेना रकम असुल उपर गरिने तथा सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्तासमेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाहीसमेत अगाडि बढाइने यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरूले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला। उक्त धितो सुरक्षणमा रहेको चल–अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरूबाट यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरूको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरू यस वित्तीय संस्थामा ३६औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३ (तीन) बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी, धितोधनी तथा जमानतीकर्तालाई उपस्थित हुनसमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित प्रतिनिधि, सम्बन्धित ऋणीहरू तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्नेछैन। लिलामी कारबाही प्रक्रिया यस वित्तीय संस्थाको कर्जा नीति अनुसार अगाडि बढाइनेछ। साथै सिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणीहरू तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा तथा अन्य दैदस्तुर कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ। **तपसिल**

| ऋणी तथा धितोको विवरण | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|
| **१) नामः एडिन कृषि तथा पशुपक्षी फार्म** दर्ता नंः २९०१/१८४३/०७८/०७९ प्रोप्राइटरको नामः मनीषा तामाङ (थिङ) दर्ता मितिः २०७८/०६/१४ ठेगानाः मकवानपुर, जिल्ला हेटौंडा उपमहानगरपालिका वडा नं १२ भोर्ले टोल। **व्यक्तिगत जमानी दिनेको विवरणः नाम– मनीषा तामाङ (थिङ),** ससुराः कृष्णबहादुर तामाङ, पतिः अर्जुन तामाङ नाप्रनंः ३१-१४-७५-०००२७, जिल्ला मकवानपुर, जारी मितिः २०७५/०५/०१, स्थायी ठेगानाः हेटौंडा उमनपा वडा नं १२ हालको ठेगानाः हेटौंडा उ.म.न.पा वडा नं. १२, **धितोको विवरण :** ऋषिमाया तामाङ र अर्जुन तामाङको सयुंक्त नाममा रहेको पदमपोखरी–८, मकवानपुर, हाल हेटौंडा–१२, मकवानपुरको कित्ता नं ३३०१, क्षे.फ. ०–८–१२, **कर्जा शीर्षक/बोलपत्र खोलिने शाखा :** व्यावसायिक आवधिक तथा अधिविकर्ष कर्जा, हेटौंडा। यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिकाः २०८१/०५/१९, प्रतीक दैनिक | **नामः ऋषिमाया तामाङ,** पतिको नामः कृष्णबहादुर तामाङ ससुराको नामः मोहन सिं तामाङ, नाप्रनंः २३१ जारी मिति : २०४६/०१/१३, मकवानपुर, स्थायी ठेगानाः पदमपोखरी–८, मकवानपुर, हालको ठेगानाः हेटौंडा उमनपा–१२, मकवानपुर<br>**नामः अर्जुन तामाङ,** पिताको नामः कृष्णबहादुर तामाङ बाजेको नामः मोहन सिं तामाङ, स्थायी ठेगानाः पदमपोखरी–८, मकवानपुर, हालको ठेगानाः हेटौंडा उमनपा–१२, मकवानपुर नाप्रनंः ३१३०२१/१०९, जारी मितिः २०७०/०२/२३, मकवानपुर |
| **२) नामः बिन्दा माया ब्लोन,** ससुराः गजब सिं ब्लोन, पतिः सिंहबहादुर ब्लोन, स्थायी ठेगानाः नामटार–६, मकवानपुर, हालको ठेगानाः हेटौंडा उमनपा–१९, मकवानपुर, नाप्रनंः २६७, मकवानपुर, जारी मितिः २०५२/१२/०३<br>**धितोको विवरणः** बिन्दा माया ब्लोनको नाममा रहेको बसामाडी –२, मकवानपुरको कित्ता नं. ४०४३ , क्षे.फ. ०–०–१०–० ।<br>**कर्जा शीर्षक/बोलपत्र खोलिने शाखा :** व्यक्तिगत कर्जा, हेटौंडा<br>यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिकाः २०८१/०५/१९, प्रतीक दैनिक | **नामः आइत सिं ब्लोन,** बाजेः गजब सिं ब्लोन, पिताः सिंहबहादुर ब्लोन, नाप्रनंः ३१–०१–७३–००६५६, मकवानपुर, जारी मितिः २०७३/०१/१६, स्थायी ठेगानाः नामटार वडा नं ६, मकवानपुर, हालको ठेगानाः हेटौंडा वडा नं १९, मकवानपुर<br>**नामः सिंहबहादुर ब्लोन,** बाजेः भिमे ब्लोन, पिताः गजब सिं ब्लोन नाप्रनं २७०, मकवानपुर, जारी मितिः २०५२/१२/०३, स्थायी ठेगानाः नामटार वडा नं ६, मकवानपुर, हालको ठेगानाः हेटौंडा वडा नं १९, मकवानपुर<br>**नामः सोमलाल ब्लोन,** बाजेः गजब सिं ब्लोन, पिताः सिंहबहादुर ब्लोन, नाप्रनंः ३१–०१–७०–१२२४७, मकवानपुर, जारी मितिः २०७०/११/२५, स्थायी ठेगानाः नामटार वडा नं ६, मकवानपुर, हालको ठेगानाः हेटौंडा वडा नं १९, मकवानपुर |
| **३) नामः कर्णबहादुर थापा,** बाजेः बुद्धि थापा, बुबाः डिले थापा<br>स्थायी ठेगानाः रावतकोट–४, दैलेख, हालको ठेगानाः वीरेन्द्रनगर नपा वडा नं १०, सुर्खेत, नाप्रनंः ४०५, जारी मिति २०४६/११/२७, जिल्लाः दैलेख<br>**धितोको विवरणः** कम्पनीको नामः Foton View CS2L (19 SEATER)<br>इन्जिन नंः 76821230, मोडल : BJ6609U2DDA-R4,<br>च्यासिस नंः LVCB2NBA7MS011527<br>**कर्जा शीर्षक/बोलपत्र खोलिने शाखाः** हायर पर्चेज कर्जा, पुतलीसडक<br>यस अघि सूचना प्रकाशित गरिएको मिति र पत्रिकाः २०८१/०५/१९, प्रतीक दैनिक | **नामः प्रकाश थापा,** बाजेः डिले थापा, बुबाः कर्णबहादुर थापा, स्थायी ठेगानाः रावतकोट–४, दैलेख, हालको ठेगानाः वीरेन्दनगर नपा वडा नं १०, सुर्खेत, नाप्रनंः ६३–०१–७१–०२९०५, जिल्लाः दैलेख, जारी मिति २०७१/१२/२७<br>**नामः सेतुदेवी थापा,** ससुराः डिले थापा, पतिः कर्णबहादुर थापा, स्थायी ठेगानाः रावतकोट–४, दैलेख, हालको ठेगानाः वीरेन्द्रनगर नपा वडा नं १०, सुर्खेत, नाप्रनंः ७१४७/१८८, जारी मितिः २०६३/०७/२०, जिल्लाः दैलेख<br>**नामः अमृता माझी,** ससुराः कर्णबहादुर थापा, पतिः राजबहादुर थापा, स्थायी ठेगानाः महादेवस्थान–८, सिन्धुली, हालको ठेगानाः वीरेन्द्रनगर नपा–१०, सुर्खेत, नाप्रनंः २०१०२८/३१३/२६, जिल्लाः सिन्धुली, जारी मितिः २०६६/०४/१४<br>**नामः राजबहादुर थापा,** बाजेः डिले थापा, बुबाः कर्णबहादुर थापा, स्थायी ठेगानाः रावतकोट–४, दैलेख, हालको ठेगानाः वीरेन्द्रनगर नपा वडा नं १०, सुर्खेत, नाप्रनंः ६३१०३६/१३, जिल्लाः दैलेख, जारी मितिः २०६४/०४/२५ |

**लिलाम बोलपत्रसम्बन्धी शर्तहरूः**


१. लिलाम बोलपत्र आवेदन फाराम यस संस्थाको माथि उल्लिखित सम्बन्धित शाखा कार्यालयहरूबाट रु १,०००।०० (रु एक हजार मात्र) तिरी (पछि फिर्ता नहुनेगरी) प्राप्त गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुनेछैन।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निर्णय अन्तिम हुनेछ। सिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्नेछ।
३. गोप्य सिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ३५औं दिन (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको सम्बन्धित केन्द्रीय/शाखा कार्यालयहरूमा कार्यालय समयभित्र प्राप्त भइसक्नुपर्नेछ। प्राप्त बोलपत्रहरू यस वित्तीय संस्थाको सम्बन्धित शाखा कार्यालयहरूमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट ३६औं दिन र उक्त दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ।
४. माथि उल्लिखित सम्पत्ति निरीक्षण गर्न चाहेमा वा कुनै कुरा बुझ्नुपरेमा लिलाम बोलपत्र पेश गर्नुअगावै समृद्धि फाइनान्सका सम्बन्धित शाखा कार्यालयहरूका कर्जा असुली विभागमा सम्पर्क राखी निरीक्षण गर्न सकिनेछ।
५. अन्य शर्तहरू लिलाम बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् र ती शर्त बन्देजहरू यसै सूचनाको अभिन्न अङ्ग मानिनेछ।

**लिलाम बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ मङ्सिर १० गते दिनको ३:00 बजे ।**
**लिलाम सिलबन्दी बोलपत्र खोलिने मिति : २०८१ मङ्सिर ११ गते दिनको ३:00 बजे ।**
**बोलपत्र खोलिने स्थान : ऋणीको विवरणमा उल्लेख भएबमोजिम ।**
**सम्पर्क फोन नं.: ०५७-५२५१००, ०५७-५२३२२९, ०१-५३१८८३८, ०१-५३१२०९९**


## फरक समाचार

# अचेलका पुरुषहरू गृहपति किन बन्न चाहन्छन्

नेपाली समाजमा परम्परागतरूपमा पुरुषहरूलाई कमाउने सदस्य मानिन्छ भने महिलाहरूलाई घर व्यवस्थापनको जिम्मेवारी दिइएको छ। तर आजको



समयमा महिलाको भूमिकामा तीव्र परिवर्तन देखिएको छ। अहिलेको जमानामा यस्ता पुरुष पनि छन्, जसले घर सम्हाल्ने र सन्तानको हेरचाहलाई प्राथमिकता दिने अर्थात् समग्रमा 'हाउस हसबैन्ड' (गृहपति) बन्न तयार भएका छन्। साथै पत्नीलाई करियरमा अगाडि बढाउन सहयोग गर्न थालेका छन्। आखिर यस्तो परिवर्तनको कारण के हो ?

**लैङ्गिक समानता :** आज महिला र पुरुष दुवै शिक्षा र करियरको हिसाबले कसैभन्दा कम छैनन्, यससँगै खाना पकाउने, भाँडाकुँडा धुने वा लुगा सफा गर्ने जस्ता घरायसी काम केटीको मात्रै होइन भन्ने बुझाइ पनि बढेको छ। त्यसैले यस्ता केटा घरेलु पति भएमा त्यति मानसिक समस्या आउँदैन।

**भूमिका परिवर्तन :** यदि कसैकी पत्नी आफ्नो करियरमा सफल हुँदै निरन्तर प्रगति गरिरहेकी छन् भने यस्तो अवस्थामा उसले घर र सन्तानको जिम्मेवारी पूर्णरूपमा सम्हाल्न नसक्ने भएकाले अहिलेको समयमा गृहपति बन्ने चलन बढेको छ। यसले विवाहित महिलाहरूको करियर विकासलाई सजिलो बनाउँछ।

**पत्नीको सरकारी जागीर वा उच्च आम्दानी :** धेरैपटक पत्नीले सरकारी जागीर गर्छिन् वा पतिभन्दा बढी कमाउन थाल्छन्, त्यसैले परिवारमा आर्थिक समस्या नआओस् भनेर कतिपय केटाले गृहपति बन्न समस्या मान्दैनन्, बरु यसलाई बुद्धिमानीपूर्ण कदम ठान्छन्।

**परिवार र बच्चाप्रति लगाव :** केही केटाहरू स्वाभाविकरूपमा परिवार र बच्चाहरूप्रति बढी संवेदनशील हुन्छन् र उनीहरू आफ्नो समय घरमा र बच्चाहरूसँग बिताउन चाहन्छन्। घरेलु पति बनेर त्यो राहत पाउँछन्, जुन जागीरबाट हासिल गर्न सक्दैनन्।

**नोकरीबाट दिकदार हुनु :** केही केटाहरू आफ्नो व्यावसायिक जीवनबाट यति दिक्क हुन्छन् कि थप कामको दबाब सहन तयार हुँदैनन्। उनीहरूको चाहना हुन्छ बिहे त्यस्तो केटीसँग गर्ने जसले कमाओस् र पतिसँगै घरको हेरचाह गरोस्।

# मूलासँग खानुहुँदैन यी वस्तु

मूला स्वस्थ तरकारी हो, जसमा फाइबर र भिटामिन सी जस्ता पोषक तत्त्वहरू प्रशस्त हुन्छन्। मूलाको पराठा जाडोको मौसममा धेरै मन पराइन्छ। कतिपयले यसलाई काँचै खान मन पराउँछन्। मूलाका कारण ग्याँसको समस्या पनि हुन्छ। तर मूलासँग यी खानेकुराहरू खानुभयो भने तपाईंले गम्भीर समस्याको



सामना गर्नुपर्ने हुन सक्छ।

**दूध र डेयरी उत्पादनहरू :** मूलासँग दूध वा दुग्धजन्य पदार्थ खानुहुँदैन। मूलामा हुने रासायनिक तत्त्व र दूधको प्रोटिन मिश्रणबाट ग्याँस, पेट फुल्ने र अन्य पाचन समस्या निम्तिन सक्छन्। यदि मूलाको तरकारी खानुभएको छ भने केही घण्टापछि मात्र डेयरी उत्पादनहरू खानुपर्छ।

**केरा :** मूलासँग केरा खानु पनि हानिकारक हुन्छ। दुवै एकसाथ सेवन गर्दा शरीरमा एसिडिटी बढ्छ, जसले पेटमा जलन वा असहजता उत्पन्न गर्न सक्छ। यो एउटा अनौठो मिश्रण हो, जुन शरीरको लागि राम्रो हुँदैन।

**अमिलो फल :** कागती, सुन्तला र अङ्गुरजस्ता अमिलो फलफूल मूलासँग खानुहुँदैन। यसले पाचन प्रक्रियामा समस्या निम्त्याउँछ र एसिडिटी बढ्न सक्छ। अमिलो फलफूल र मूलाको सेवनले पेटमा जलन हुने र ग्याँस हुन सक्छ। त्यसैले फरक–फरक समयमा उपभोग गर्नु राम्रो हुन्छ।

**आलु :** आलु र मूलाको मिश्रण पाचन प्रणालीको लागि अनुकूल हुँदैन। दुवै खानेकुरामा विभिन्न प्रकारका कार्बोहाइड्रेटहरू हुन्छन्, जसले पाचनमा कठिनाइ ल्याउन सक्छ। यसले पेट दुख्ने र ग्याँसको समस्या हुन सक्छ।

**सोयाबीन र अन्य फलफूल :** मूलासँगै सोयाबिन वा अन्य फलफूलको सेवन पनि हानिकारक हुन सक्छ। सोयाबीनमा पाइने केही तत्त्वहरूले मूलासँग प्रतिक्रिया गर्न सक्छन्, जसले पाचन प्रणालीमा बाधा पुऱ्याउँछ। यसले ग्याँस, पेट फुल्ने र पेट दुख्नेजस्ता समस्या निम्त्याउन सक्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# निर्वाचनको पूर्वसन्ध्यामा जापानका प्रधानमन्त्री इशिबालाई कमजोर समर्थन

टोकियो, ५ कात्तिक/एएफपी

जापानका नयाँ प्रधानमन्त्री शिगेरू इशिबाको अनुमोदन आगामी अक्टोबर २७ मा हुने आम निर्वाचन अघि घटेको एक साताको सर्वेक्षणले देखाएको छ।



जापानका नयाँ प्रधानमन्त्री शिगेरू इशिबा। तस्वीरः एपी

पूर्वरक्षामन्त्री इशिबाले लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी)को नेता निर्वाचित भएपछि यसै महीना पदभार ग्रहण गरेका थिए।

इशिबाका पूर्ववर्ती फुमियो किशिदाको कार्यकालमा कोषको घोटाला र 'युनिफिकेशन चर्च'सँग एलडिपीका सांसदहरूको सम्बन्ध र बढ्दो मूल्यवृद्धिमा मतदाताहरूको असन्तोषका कारण पार्टीको रेटिङमा गिरावट आएको थियो।

क्योदो न्यूजले शनिवार र आइतवार गरेको सर्वेक्षणले इशिबाको क्याबिनेटका लागि हालको अनुमोदन रेटिङ ४१.४ प्रतिशत रहेको देखाएको छ।

करीब एक हजार २६० मतदातामा गरिएको पछिल्लो सर्वेक्षणमा अस्वीकृति दर ४०.४ प्रतिशत रहेको क्योदोले आइतवार जनाएको छ। अक्टोबर १२ देखि १३ सम्म भएको मतदानमा ३६.७ प्रतिशतले असहमति जनाएका थिए।

"यो चुनाव हाम्रालागि वास्तवमैं जटिल र कठिन हुनेछ"–इशिबाले गत साता चुनावीसभालाई सम्बोधन गर्दै भनेका थिए। उदारवादी झुकाव भएको असाही शिम्बुन पत्रिकाले सप्ताहान्तमा गरेको अर्को सर्वेक्षणमा इशिबाको क्याबिनेटलाई ३३ प्रतिशतले समर्थन गरेको पाइएको थियो।

असाहीको रिपोर्टमा भनिएको छ–"४२ प्रतिशत अनुमोदन र ३१ प्रतिशत अस्वीकृति जनाइएको यो परिणाम सन् २०२१ मा किशिदाले प्रधानमन्त्रीका रूपमा आफ्नो पहिलो आम निर्वाचन अघि सामना गर्नुपरेको भन्दा पनि खराब छ।"

एलडिपी र उसको कनिष्ठ गठबन्धन साझेदार कोमेइतोले आगामी निर्वाचनमा बहुमत गुमाउने खतरा रहेको उक्त दैनिक पत्रिकाले जनाएको छ।

जिजी प्रेसले आफ्नो सर्वेक्षण र रिपोर्टिङले गठबन्धनले आफ्नो बहुमत कायम राख्ने सम्भावना देखाएको छ, यद्यपि एलडिपीले एक्लै बहुमत प्रप्त गर्न सक्दैन। यो सम्भावना अन्य सञ्चारमाध्यमले विगतका धेरै सर्वेक्षणहरूमा प्रतिविम्बित गरेको भन्दा पनि खराब छ।

सन् २०१२ मा पूर्वप्रधानमन्त्री शिन्जो आबेले भारी मतान्तरले जित हासिल गरेपछि कन्जरभेटिभ एलडिपी र बौद्ध धर्मावलम्बी समूह समर्थित नरमपन्थी पार्टी कोमेइतो सत्तामा छन्।

एलडिपीलाई सन् २००९ मा अधिक वामपन्थी विपक्षीहरूले पराजित गरेका थिए। एलडिपीका महासचिव हिरोशी मोरियामाले आइतवार सार्वजनिक प्रसारक एनएचकेद्वारा प्रसारित एक बहस कार्यक्रममा भने–"हामीले हाम्रो बहुमत गुमाएनौं वा गुमायौं भने पनि हामीले समान नीतिका साथ देशको विकास गर्न प्रयास गरिरहेका पार्टीहरूसँग सकारात्मक वार्ता गर्नुपर्छ।" रासस



**मनाङमा पर्यटकः** मनाङ सदरमुकाम चामेमा काठेपुल तर्दै गरेका पर्यटक र पृष्ठभूमिमा देखिएको लमजुङ हिमाल र आसपासको दृश्य। तस्बिरः नवीन लामिछाने/रासस

# विस्फोटक पदार्थ भित्रिन नदिन वीरगंज भन्सारमा कुकुरको प्रयोग

प्रस, परवानीपुर, ५ कात्तिक/

वीरगंज भन्सारमा तालीमप्राप्त कुकुरबाट चेकजाँच भइरहेको छ। चाडपर्व लक्षित सुरक्षा तयारी अन्तर्गत सशस्त्र प्रहरी युनिटले तालीमप्राप्त दुईवटा कुकुरबाट चेकजाँच गरिरहेको बुझिएको छ।



तस्वीर:सौजन्य

सशस्त्र प्रहरी बल १३ नं गण पर्साका गणपति सशस्त्र प्रहरी नायब उपरीक्षक राधेश्याम धिमालका अनुसार दशैंको घटस्थापनाको तीन दिन अघिदेखि छठसम्म चेकजाँच भइरहेको बताए। जर्मन शेफर्ड र लाब्राडोर प्रजातिका दुईवटा तालीमप्राप्त कुकुरबाट खासगरी लागूऔषध र विस्फोटक पदार्थ ओसारपोसार पत्ता लगाउन प्रस्ताविक वीरगंज भन्सार गुल्ममार्फत सो चेकजाँच भइरहेको जानकारी दिए।

बिहान, बेलुका र आवश्यकता अनुसार दिउँसो गरी दैनिक दुईवटै कुकुरबाट चेकजाँच भइरहेको बताउँदै चाडपर्वलाई सुरक्षित र व्यवस्थित बनाउँदै लागूऔषध र विस्फोटक पदार्थ ओसारपोसार नियन्त्रण गर्न यस्तो चेकजाँच भइरहेको उनले जानकारी गराए। नेपाल–भारत खुला सीमाका कारण भारतबाट नेपाल र नेपालबाट भारतमा शङ्कास्पद वस्तु लिएर आउजाउ हुने र प्रतिबन्धित लागूऔषध र विस्फोटक पदार्थको तस्करीले समाजमा नकारात्मक असर पर्ने, आपराधिक गतिविधि हुन सक्ने भएकाले सुरक्षा तयारीका लागि यस्तो रणनीति अपनाइएको उनले जानकारी गराए।

# डुङ्गा डुब्दा ११ जनाको मृत्यु, १९ जना बेपत्ता

याङ्गुन, म्यान्मा, ५ कात्तिक/एएफपी

म्यान्माको दक्षिणी तटमा अन्डमान सागरमा करिब ३० जना बोकेको डुङ्गा डुबेपछि उद्धारका लागि खटिएका उद्धारकर्ताहरूले एघार वटा मृत शरीर पानीबाट बाहिर निकालेका छन् भने बाँकी वेपत्ता रहेको एक स्थानीय बासिन्दाले सोमवार बताएका छन्।

दक्षिणी तानिनथारी क्षेत्रको क्याउक कर गाउँका एकजना भिक्षुले नाम नबताउने शर्तमा भने "हामीले आइतवार राति १० वटा र सोमवार बिहान एउटा शवलाई पानीबाट बाहिर निकालेका छौं।" भिक्षुका अनुसार डुङ्गामा अधिकांश विद्यार्थीहरू थिए उनीहरू दुई हप्ताको बिदापछि गाउँबाट म्येइक शहर फर्किरहेका थिए।

"डुङ्गा अत्यधिक भारमा कारण डुबेको जनाइएको छ। स्थानीयहरूले मृत शरीरको पहिचान गरी दाहसंस्कार गरिसकेका छन् भने स्थानीय तथा उद्धार टोलीहरूले बेपत्ता व्यक्तिहरूको खोजी गरिरहेका छन्।

म्यान्मामा समुद्र तट र नदीहरूमा डुङ्गालाई आवतजावतका लागि यातायातको साधनको रूपमा प्रयोग गर्ने गरिन्छ।

डुङ्गा दुर्घटनाका कारण म्यान्मामा असामहिक मृत्यु हुने जोखिम पछिल्लो समय बढेको देखिन्छ। समुद्रमा हुने यस्ता दुर्घटनामा पर्नेहरूको विरलै रूपमा सकुशल उद्धार हुने गरेको छ। रासस

# नेसपाको अधिवेशनको विषयलाई लिएर विवाद

प्रस, वीरगंज, ५ कात्तिक/

नेपाल सद्भावना पार्टीमा सातौं अधिवेशनको विषयलाई लिए विवाद उत्पन्न भएको छ।




तस्वीरः प्रतीक

कार्यवाहक अध्यक्ष रामकुमार महतोले वीरगंजमा सोमवार पत्रकार सम्मेलन गर्दै २०८१ मङ्सिर १, २ र ३ गते वीरगंजमा हुने भनिएको राष्ट्रिय अधिवेशन अब जनकपुरमा नै तोकिएको बताएका छन्। गत असारमा बसेको पार्टीको कार्यकारी बैठकले पूर्वमन्त्री रामचन्द्र कुशवाहाको संयोजकत्वमा ५९ सदस्यीय समिति बनाइ वीरगंजमा गर्ने जिम्मेवारी तोकेको थियो। तर यही कात्तिक २२ गते पार्टीको कार्यकारिणी बैठकले जनकपुरमा राष्ट्रिय अधिवेशन गर्ने निर्णय गरेपछि पूर्वमन्त्री कुशवाहाले वीरगंजमा नै अधिवेशन हुने प्रचार गर्नु दुःखद भएको अध्यक्ष महतोले पत्रकार सम्मेलनमा बताए। पत्रकार सम्मेलनमा अध्यक्ष महतोले गैरजिम्मेवार भई पूर्वमन्त्री कुशवाहाले वीरगंज अधिवेशन हुने कुरा गलत भएको बताए।

सानो सङ्ख्यामा प्रतिनिधि रहेको यस पार्टीमा लामो समयदेखि विवाद कायमै छ। लामो प्रयासपछि आगामी मङ्सिरमा हुने भनिएको महाधिवेशनमा पनि विवाद उत्पन्न भएको छ। वीरगंजमा महाधिवेशन हुँदा कुशवाहाले पार्टी कब्जा गर्ने त्रासले महतो पक्षधरहरूले जनकपुरमा गर्नुपर्ने माग अगाडि सारेका बताइएको छ।

# रिसोर्टमा भएको अपहरणमा संलग्न १७ लडाकूलाई आजीवन कारावासको सजाय

मनिला, फिलिपिन्स, ५ कात्तिक/एएफपी

करीब २५ वर्ष अघि मलेशियामा विदेशी र फिलिपिनो नागरिकको अपहरण गरेको अभियोगमा इस्लामिक स्टेटसम्बद्ध लडाकू समूहका १७ सदस्यलाई आजीवन कारावासको सजाय सुनाइएको फिलिपिन्सको न्याय विभागले सोमवार जनाएको छ।

सन् २००० को अप्रिलमा इस्लामिक अतिवादी समूह अबु सैयफका सदस्यहरूले मलेशियाको सिपादान टापूमा रहेको एक होलिडे रिसोर्टबाट २१ जनालाई अपहरण गरेका थिए।

मनिलाबाट करीब ९५५ किलोमिटर दक्षिणमा पर्ने जोलोको जङ्गलमा बन्धक बनाइएका ती बन्धकहरूले लाखौं डलर फिरौती नदिंदासम्म महीनौं कैद भोगेका थिए। यसरी बन्धक बनाइएकाहरूमा फिलिपिन्स, फिनल्यान्ड, फ्रान्स, जर्मनी, लेबनान, मलेशिया र दक्षिण अफ्रिकाका नागरिक थिए।

न्याय विभागले जारी गरेको विज्ञप्तिमा भनिएको छ–"यो सजाय विधिको शासन कायम राख्न न्याय विभागको अटुट प्रयासको प्रतिविम्ब हो।

गत अक्टोबर १६ मा अपहरण र फिरौतीसहित गम्भीर गैरकानूनी थुनामा राखेको अभियोगमा १७ जना अभियुक्त दोषी ठहरिएका थिए।

एएफपीले प्राप्त गरेको १५७ पृष्ठ लामो निर्णयमा सबैलाई प्रत्येक अभियोगमा आजीवन कारावासको सजाय सुनाइएको उल्लेख छ।

दोषी ठहरिएका दुईजना हिलारियन डेल रोसारियो सान्तोस तृतीय र रेडेन्डो केन डेलोसा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को प्रतिबन्ध सूचीमा परेका छन्।

सन् २००८ मा सान्तोस र डेलोसालाई अलकायदा र ओसामा बिन लादेनसँग 'सम्बन्ध' र आइएससँग सम्बन्धित लडाकू समूह अबु सैयफ, जेमाह इस्लामियाह र राजा सोलेमान मुभमेन्टको कारबाईमा सहभागी भएको आरोप काउन्सिलले लगाएको थियो।

सन् २०२० मा अपहरणको घटना भएदेखि नै अपहरणकारीलाई आतङ्कवादको अभियोग लगाउन नमिल्ने र देशमा यस्तो कानून लागू हुनुभन्दा पहिले नै को घटनाका अपहरणकारीलाई आतङ्कवादको अभियोग लगाउन नमिल्ने बताइएको छ।

अभियुक्तहरूलाई २१ जना पीडितहरूलाई नागरिक क्षतिपूर्ति, नैतिक र अनुकरणीय क्षतिको लागि करीब पाँच हजार २२८ अमेरिकी डलर तिर्न आदेश दिइएको थियो। रासस






# पशुपति धर्मशालाबारे अध्ययन गर्न समिति गठन

काठमाडौं, ५ कात्तिक/रासस

पशुपति धर्मशालाको विषयमा यथार्थ अध्ययन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिवको नेतृत्वमा ६ सदस्यीय अध्ययन समिति गठन गरिएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा सोमवार जारी प्रेस विज्ञप्तिमा मन्त्रालयका सहसचिव एवं संस्कृति महाशाखा प्रमुखको अध्यक्षतामा धर्मशालाका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न ६ सदस्यीय अध्ययन समिति गठन गरिएको उल्लेख छ।

अध्ययन समितिका अन्य सदस्यहरूमा पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक, भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयका उपससचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव, पुरातत्त्व विभागका उपसचिव र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका संस्कृति शाखाका उपसचिव रहने जनाइएको छ।

समितिले गौशाला धर्मशाला स्थापनादेखिको अवस्थाको अध्ययन गर्ने, धर्मशालाको आय–व्ययको विवरण, लेखापरीक्षण अवस्था, सम्पत्ति, दायित्व, निर्मित संरचना तथा गौशाला धर्मशालाबाट प्रवाह भएको सेवाको प्रकृति तथा अवस्था अध्ययन गर्ने जिम्मेवारी पाएको छ।

अदालतबाट विभिन्न समयमा भएको आदेश तथा फैसलाको कार्यान्वयनको अवस्था, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सार्वजनिक लेखा समिति, महालेखापरीक्षकको प्रतिवेदन, विभिन्न समयमा गठन भएका समितिको प्रतिवेदन र मन्त्रालय तथा पशुपति क्षेत्र विकास कोषका निर्णय अध्ययन गर्ने जिम्मा समितिलाई दिइएको छ।

त्यसैगरी, गौशाला धर्मशालामा रहेको जग्गा स्वामित्वका विषयमा अध्ययन गरी यथार्थ विवरणसहितको प्रतिवेदन ३० दिनभित्र पर्यटनमन्त्रीलाई बुझाउने जिम्मेवारी समितिलाई दिइएको छ।

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | विजय | वृष | धनखति |
| मिथुन | भाग्योदय | कर्कट | बेचैनी |
| सिंह | मनोरञ्जन | कन्या | कर्मप्राप्ति |
| तुला | राज्यभय | वृश्चिक | रोगभय |
| धनु | यात्रालाभ | मकर | शत्रुभय |
| कुम्भ | चोरभय | मीन | उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

# विद्यार्थीलाई जुत्ता, शैक्षिक सामग्री सहयोग

प्रस, वीरगंज, ५ कात्तिक/

वीरगंज महानगरपालिका-१० आदर्शनगरस्थित बाल मन्दिर आधारभूत विद्यालयलाई वडा कार्यालयले जुत्ता, खेलकूद सामग्री सहयोग गरेको छ ।

वडाध्यक्ष सुशील साह कानूले सोमवार सो विद्यालयमा अध्ययनरत २३० जना विद्यार्थीलाई जुत्ता र खेलकूद सामग्री उपलब्ध गराएका थिए। वडाध्यक्ष कानूले २३० जोडी जुत्ता, तीन थान चेस, तीन थान लुडो र एक थान फूटबल विद्यालयलाई हस्तान्तरण गरेका थिए । कार्यक्रममा वडासदस्य मिश्रादेवी नगरकोटी, प्रेमशीला देवी, सन्तोष जैसी,




प्रभुप्रसाद महतो, वडासचिव पवन प्रधान, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरेश टिबडेवाल, निमित्त प्रअ राजकुमारी सिंह, घडीअर्वा स्पोर्ट्स क्लबका अध्यक्ष सन्तोष साहलगायतको सहभागिता थियो ।

# पोखरिया नपाका बेथितिविरुद्ध ज्ञापन

प्रस, वीरगंज, ५ कात्तिक/

राष्ट्रिय मुक्ति क्रान्ति नेपालले पोखरिया नगरपालिकामा भएको बेथितिविरुद्ध सोमवार ज्ञापनपत्र बुझाएको छ ।

केन्द्रीय सदस्य निजामुद्दीन समानीले नगरप्रमुख प्रद्युम्न चौहानलाई बुझाएको ज्ञापनमा यस अघि लगाइएको सम्पत्ति करमा तीन गुणा वृद्धि गरिएको भन्दै आपत्ति जनाएका थिए । उनले आर्थिक सङ्कटको बेलामा सम्पत्ति कर बढाइएकोले जनतालाई समस्या भएको बताए ।




यसैगरी, जिल्ला अस्पताल पोखरियामा स्वास्थ्य बीमा गराएकाहरूले औषधि नपाएको, पोखरिया नपामा कार्यरत कर्मचारीहरूले तलब नपाएको तथा नगरपालिकाले अनधिकृतरूपमा दैनिक ज्यालादारी, करारमा कर्मचारी नियुक्त गरेकोजस्ता कामहरू भइरहेकामा सोमा सुधार हुनुपर्ने माग गरेका छन् ।

नगरपालिकाले निर्माण कार्य शुरू गरेका योजनाहरूको भुक्तानी नभएको, नगर विस्तार समितिको जग्गाको समाधान नभएकोलगायतका मागहरू पूरा गर्नुपर्ने र सो नभए सङ्घर्ष गर्ने चेतावनी दिएका थिए । ज्ञापनपत्र बुझाउन सो पार्टीका केन्द्रीय सदस्य राजेश यादव, जहीर मियाँ, जिल्ला संयोजक राजेश साह, मनोज साहलगायतको सहभागिता थियो ।

यस अघि यो पार्टीले नगरपालिकाका समस्याहरू समाधान गर्नुपर्ने भन्दै अनिश्चितकालीन रिले अनशन गरेको थियो । सङ्घ सरकारका मन्त्री राजकुमार गुप्ता र प्रदेश सरकारका मन्त्री प्रमोद जयसवालले गत असोज २३ गते माग सम्बोधन हुने भनी आश्वासन दिएपछि असोज १३ गतेदेखि शुरू भएको रिले अनशन तोडिएको थियो ।

अहिले सङ्घ र प्रदेश सरकारका मागहरू राखिएका छैनन् । स्थानीय पालिकाका मागहरू राखेर ज्ञापनपत्र बुझाइएको छ ।


## वायु प्रदूषणका असरहरू

वायु प्रदूषणले

- फोक्सोको क्यान्सर, ब्रोन्काइटिस, दमजस्ता श्वासप्रश्वाससम्बन्धी रोग लाग्न सक्छन्,
- यसले मुटु, रक्तसञ्चार प्रणाली र मस्तिष्कमा समेत गम्भीर असर पुऱ्याउन सक्छ,
- सुक्खा खोकी लाग्ने, घाँटी चिलाउने तथा आँखामा असर देखा पर्न सक्छ,
- शहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ,

त्यसैले:

- वायु प्रदूषण न्यूनीकरणका लागि सवारीसाधनको समयसमयमा मर्मत गरौं,
- कच्ची सडकहरू कालोपत्रे गरौं,
- वृक्षारोपण गरौं,
- घर, सडक तथा सार्वजनिक स्थानको सरसफाइ गरौं ।

वायु प्रदूषणको असरबाट बचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







## एम्बुलेन्स चालक पक्राउ

प्रस, पंचगावाँ, ६ कात्तिक/

मादक पदार्थ सेवन गरी एम्बुलेन्स



चलाउने र प्रहरीसँग अभद्र व्यवहार गरेको आरोपमा एकजना एम्बुलेन्स चालकलाई प्रहरीले पक्राउ गरेको छ ।

आइतवार साँझ पटेर्वासुगौली गाउँपालिका-२ बङ्कुलचोकमा प्रहरी चौकी रङ्गपुरका प्रहरी सहायक निरीक्षक रामबाबू यादवको नेतृत्वको टोलीले चेकजाँच गर्ने क्रममा भारतीय नम्बरको एम्बुलेन्सका चालक जीराभवानी गाउँपालिका-२ सेढवा बस्ने ४० वर्षीय प्रकाश चौधरीले अभद्र व्यवहार गरेका थिए । अभद्र व्यवहार गरेको आरोपमा उनलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीमा राखिएको प्रहरी निरीक्षक मोहनजङ्ग बुढाथापाले बताएका छन् ।

# खेलकूदको संसार

## माल्दिभ्समाथि नेपालको उत्कृष्ट जीत

काठमाडौं, ५ कात्तिक/रासस

नेपालले साफ माहिला च्याम्पियनशिप-२०२४ मा माल्दिभ्सलाई पराजित गर्दै प्रतियोगितामा उत्कृष्ट जीत हासिल गरेको छ। साफ च्यापियनशिप-२०२४ मा नेपालको यो पहिलो जीत हो ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशाला सोमवार भएको खेलमा नेपालले माल्दिभ्सलाई ११-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो। नेपालका लागि रेखा पौडेलले पाँच गोल गरिन् भने प्रीति राईले ह्याट्रिक पूरा गरिन्। यसैगरी, सविता रानामगर, अनीता केसी र अमिशा कार्कीले समान एक/एक गोल गरे ।



जीतसँगै चार अङ्क बटुलेको नेपाल समूह 'बी'को शीर्ष स्थानमा उक्लिएको छ । नेपालले आफ्नो पहिलो पहिलो खेलमा भुटानसँग गोलरहित बराबरी खेलेको थियो ।

समान चार अङ्क नै बटुलेको भुटान अङ्कतालिकाको दोस्रो स्थानमा छ। अब भुटानले माल्दिभ्स र नेपालले श्रीलङ्कासँग समूह चरणको अन्तिम खेल खेल्न बाँकी छ। यसै खेलले समूहका विजेताको टुङ्गो लाग्नेछ। उक्त खेल यही कात्तिक ८ गते हुनेछ ।

आज खेलको सातौं मिनेटमा नेपालले प्रीतिको गोलमा अग्रता लियो । त्यसपछि खेलको २९औं मिनेटमा सविताले नेपालको अग्रता दोब्बर पारिन्। खेलको ३२औं मिनेटमा रेखाले नेपाललाई ३-० गोलको अग्रता बनाइन्। खेलको ४२औं मिनेटमा रेखाले अर्को गोल थपिन् ।

यसैगरी, खेलको दोस्रो हाफको दुई मिनेट पनि बित्न नपाउँदै रेखाले गोल गर्दै ह्याट्रिक पूरा गरिन्। खेलको ६३औं मिनेटमा रेखाले व्यक्तिगत चौथो गोल गरिन्। लगत्तै प्रीतिले नेपालको लागि सातौं गोल थपिन्। नेपालले त्यसपछि तीन खेलाडीलाई परिवर्तन गर्दै अनीता केसी, अनीता बस्नेत र सजनी थोकरलाई मैदान पठाएको थियो। अनीता केसीले मैदानमा आएको पहिलो 'टच'मैं नेपालको लागि आठौं गोल गरिन् ।

खेलको ७८औं मिनेटमा रेखाले व्यक्तिगत पाँचौं र समग्रमा नवौं गोल गरिन्। यसैगरी, खेलको ८६औं मिनेटमा नेपालले पेनाल्टीको अवसर पायो। प्रीतिले पेनाल्टीलाई गोलमा परिणत गर्दै १०-० को अग्रता दिलाइन्। त्यसको एक मिनेट पनि बित्न नपाउँदै अमीशा कार्कीले अर्को गोल गरिन् ।


साफ च्याम्पियनशिप अन्तर्गत कात्तिक ७ गते भारत र बङ्गलादेशबीच प्रतिस्पर्धा हुनेछ ।

## भुटानले श्रीलङ्कालाई हरायो

काठमाडौं, ५ कात्तिक/रासस

श्रीलङ्कालाई हराउँदै भुटान साफ महिला च्याम्पियनशिप, २०२४ अन्तर्गत समूह 'बी'को अङ्कतालिकामा शीर्ष स्थानमा उक्लिएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सोमवार भएको खेलमा भुटानले श्रीलङ्कालाई ४-१ गोलअन्तरले पराजित गर्दै समूह 'बी'को शीर्ष स्थानमा उक्लिएको हो । जीतसँगै भूटानले दुई खेलबाट चार अङ्क जोडेको छ । पहिलो खेलमा भुटानले घरेलु टोली नेपाललाई गोलरहित बराबरीमा रोकेको थियो ।



आज खेल सुरूआती सातौं मिनेटमा भुटानकी डेकी ल्जोहामले गोल गर्दै पहिलो अग्रता दिलाइन् । त्यस्तै, खेलको २३औं मिनेटमा श्रीलङ्काकी कप्तान थुशानी मधुशिकाले गोल गर्दै खेल एक/एक गोलको बराबरीमा ल्याइन् ।

त्यसपछि खेलको ३२औं मिनेटमा भुटानकी दोर्जी एडेनले गोल गर्दै आफ्नो टोलीको अग्रता दोब्बर बनाइन्। खेलको ७६औं मिनेटमा डेकीले व्यक्तिगत दोस्रो गोल गर्दै भुटानलाई ३-१ को अग्रता दिलाइन्। डेकीले गोल गरे लगत्तै नामग्याल डेमाले गोल गर्दै भुटानलाई ४-१ गोलको जीत दिलाइन् ।

# पर्सा, बारामा हरियो तरकारीको मूल्य घटेन

प्रस, पोखरिया, ५ कात्तिक/

पर्सा जिल्लामा असोज ११-१२ गतेको




अविरल वर्षापछि आएको बाढीले महँगो भएको हरिया तरकारीहरूको मूल्य घटेको छैन ।

बाढीपछि दोब्बर-तेब्बर मूल्यवृद्धि भएकामा अहिलेसम्म सोही मूल्यमा बिक्री भइरहेका छन्। पोखरियामा काउली प्रतिकिलो रु १४०, भन्टा, परवल, करैला रु १००, घिरौला ६०, पुरानो आलु ६०, नयाँ आलु ९०, प्याज १२०, बोडी १४०, सजीवन १६०, हरियो खुर्सानी ३२०, बन्दा र रामतोरियाँ ८०, लौका ८०, गोलभेंडा १६०, मूला ८०-१०० मा बिक्री भइरहेका छन्।

पोखरियाको तुलनामा ठोरीको आठघरे, सुवर्णपुर बजारमा थोरै मात्रामा यी हरिया तरकारीहरू बिक्री भइरहेका छन् । जीराभवानी गाउँपालिकाका नौकाटोला, सेढवा, सखुवनिया, सुपौली, जगरनाथपुर गापाका जानकीटोला, मसिहानी, दसौता, छिपहरमाई गापाका भिस्वा, तुलसीबर्वा, सम्भौता र वीरगंज महानगरपालिकाका बिर्ता, माईस्थान, गीता मन्दिर, मुर्ली, नगवालगायतका क्षेत्रमा पनि यही मूल्यमा हरिया तरकारीहरू बिक्री भइरहेका छन् ।

प्रस, सिम्रौनगढ/

हरिया तरकारीको लागि चर्चित बाराको सिम्रौनगढ, पचरौता नगरपालिकालगायत क्षेत्रमा पनि हरिया तरकारीहरूको मूल्य बढेकै छ ।

पर्सा, बारा, रौतहट, मकवानपुर, काठमाडौंसम्म निर्यात हुने यहाँका हरिया तरकारीहरूको मूल्य किसानहरूले बढाएका छन् ।

यद्यपि सिम्रौनगढमा बाढी आएको थिएन र तरकारीखेती प्रभावित भएन तर देशभर बाढीले हरिया तरकारीको अभाव भएपछि यहाँका किसानहरूले पनि मूल्यवृद्धि गरेका हुन् ।

### बोइलर गाउँमा भन्दा महानगरमा सस्तो

बोइलर कुखुराको मासु पर्साको ग्रामीण क्षेत्रमा भन्दा महानगरमा सस्तोमा बिक्री भइरहेको छ। दशैं र दशैंपछि पनि महानगरमा बोइलर कुखुरा प्रतिकिलो २५०-२८० सम्ममा बिक्री भइरहेको छ ।

वीरगंज महानगर-१५ नेशनल मेडिकल कलेज जाने बाटोमा बोइलर कुखुरा रु २५० प्रतिकिलोमा बिक्री भइरहेको छ भने मुर्ली, रानीघाटलगायतका क्षेत्रमा २८० प्रतिकिलोमा बिक्री भइरहेको छ। यही बोइलर कुखुरा पर्सा जिल्लाको पोखरिया नगरपालिकालगायत ग्रामीण क्षेत्रमा प्रतिकिलो रु ३०० देखि ३२० मा बिक्री भइरहेको छ ।